नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाई
परियोजना कार्यान्वयन इकाई, उदयपुर
१ नं. प्रदेश, नेपाल

फोन: ०३५-४२०८३८
ईमेल:pmamp.piu.udayapur@gmail.com

मिति: २०७६।०७।०१

पत्र संख्या :-२०७६/७७
चलानी नं. -

## विषय :- सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा यस प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यन्बयन ईकाइ उदयपुरको आ.ब. २०७६/७७ को स्विकृत कार्यक्रम अनुसार यस परियोजना कार्यन्बयन ईकाइ, उदयपुर अन्तरगत रहेका सुन्तलाजात जोन तथा अदुबा बेसार जोन क्षेत्र भित्र रहेका र जोन क्षेत्रमा सुचिकृत भएका कृषक समुह, कृषि सहकारी तथा ब्यबसायिक फर्म हरु बाट **साना सिंचाई निर्माण तथा मर्मत संभार कार्यक्रम** अन्तरगत कृषकहरुको वास्तविक समस्यामा आधारित स-साना स्थायी बांध, पैनी, छेकवार, कुलो सुधार संरक्षण, ट्यांकी, थोपा सिंचाई, मोटर बोरीङ, स्प्रिङकलर आदिको लागि यस कार्यालय बाट बढीमा ८५ प्रतिशत सम्म अनुदानको व्यवस्था हुने हुंदा यहि मिति २०७६/०८/०१ गते कार्यालय समय भित्र तोकिएको निवेदन माग फारम भरी यस कार्यालयमा पेश गर्नु हुन जोनमा आबद्ध सम्बन्धित सबै कृषि सहकारी संस्था/जलउपभोक्ता संस्था बा समिति/ कृषक समूह/कृषि फार्म (मान्यता प्राप्त हुने गरी स्थापित भई सक्रिय रुपमा कार्य गरिरहेका) हरुको लागि यो सूचना प्रकाशित गरिएको छ । कार्यक्रम कार्यान्वयन प्रकृया सम्बन्धी विस्तृत जानकारी यस कार्यालयको सूचना पाटीमा टांस गरिएको छ । आयोजनाको लागत बढिमा रु १.५ लाख सम्मको हुनेछ । उपभोक्ता बाट ईस्टिमेटको कम्तिमा १५ प्रतिसतको रकम नगद बा जिन्सी बा श्रमदान बा तिनै थरिको सहयोग योगदान स्वरुप उपलब्ध गराउनु पर्ने छ । थप जानकारी को लागी कार्यालय समय भित्र परियोजना कार्यान्वयन इकाई, उदयपुरमा सम्पर्क राख्न सकिने छ । साथै निवेदन माग पत्र साथ निम्न कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

१. निर्धारित ढांचाको निवेदन (माग फारममा रु. १०।-को टिकट सहित) २. कृषक समूह /कृषि सहकारी संस्थाको निर्णय प्रतिलिपि । ३.कृषक समूह/कृषि सहकारी संस्थाको दर्ता प्रमाण-पत्रको प्रतिलिपी (कृषक समूहले आ.ब. २०७६/७७ को लागि सम्बन्धित गा.पा./न.पा. बाट नविकरण गरि सकेको हुनु पर्ने र कृषि सहकारी तथा ब्यबसायिक फर्मको हकमा आ.व. २०७५/७६ को लेखा परिक्षण प्रतिवेदन पेश गर्नु पर्ने छ। ४. सम्बन्धीत संचालक समिति बाट जोन क्षेत्रमा आबद्ध भएको र आयोजना मागका लागी ठिक छ भनि गरिएको सिफारिस पत्र । ५. सम्बन्धित वडा कार्यालयहरुको सिफारिस पत्र ६. राजश्व वापत रु.१००।-तिरेको प्रमाण ७. उपभोक्ताहरुको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ८. कृषक समूह/कृषि सहकारी संस्थाले यस कार्यक्रमको लागि आबेदन गर्दा सम्बन्धित गा.पा./न.पा. तथा यस कार्यालयबाट तथा अन्य संस्थाबाट समेत साना सिचाई कार्यक्रम नपाएको कम्तिमा २ आर्थिक बर्ष पुरा भएको हुनु पर्दछ । ९. यसै आयोजनाको लागि अन्य कुनै पनि निकाय बाट अनुदनान रकमको लागी माग नगरिएको स्वः घोषण ।

सरोजकान्त अधिकारी
बरिष्ठ कृषि अधिकृत